जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.चि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ अंक १४ २०८० साल कात्तिक १९ गते आइतवार (5 Nov. 2023 Sunday) मूल्य रु. ७/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

*यस अंक भित्र* – **पृष्ठ २ मा** : श्रोत नखुलेको रकम ... **पृष्ठ ३ मा** : संविधान कसको स्वार्थमा ... **पृष्ठ ४ मा** : दिगो विकास लक्ष्य २०३० र मातृशिशु ... **पृष्ठ ५ मा** : भारतीय प्रधानमन्त्री मोदीद्वारा ...

## भूकम्पबाट १ सय ५७ जनाको मृत्यु

**काठमाडौ**/शुक्रबारराति ११:४७ बजे जाजरकोटको बारेकोट गाउँपालिका १, रामीडाँडा केन्द्र विन्दु भइ ६ दशमलव ४ रेक्टरस्केलको आएको भुकम्पबाट हालसम्म १ सय ५७ जनाको मृत्यु भएको छ।

भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिममा गरी उक्त संख्यामा सर्वसाधारणले ज्यान गुमाउने परेको छ। भूकम्पबाट हालसम्म दुवै जिल्लामा गरी एक सय ९७ जना घाइते भएका छन्।

सशस्त्र प्रहरी बल केन्द्रीय कार्यालयका प्रहरी नायव उपरीक्षक शैलेन्द्र थापाका अनुसार भूकम्पका कारण जाजरकोटमा एक सय ५ जनाको तथा रुकुम पश्चिममा ५२ जनाको मृत्यु भएको छ।

यसैगरी भूकम्पबाट जाजरकोटमा एक सय ५, रुकुम पश्चिममा ८५, दैलेख र बैतडीमा तीन/तीन तथा रोल्पामा एक जना घाइते भएका छन्। घाइतेलाई उपचारका लागि नेपाली सेनाको हेलिकप्टरबाट नेपालगञ्ज, काठमाडौँ तथा अन्य ठाउँमा ल्याउने क्रम जारी छ।

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल भूकम्प प्रभावितको उद्धार तथा राहतमा जुटेको छ। प्रभावित क्षेत्रमा यसका लागि एक हजार पाँच सयभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ।

भूकम्प प्रभावित क्षेत्रमा नेपाली सेनाले उद्धार तथा राहतका लागि पाँचवटा हेलिकप्टर तथा जहाजको प्रयोग गरिएको नेपाली सेनाका प्रवक्ता सहायक रथी कृष्णप्रसाद भण्डारीले जानकारी दिए।

## २४ घण्टामा चार किशोरकिशोरीद्वारा आत्महत्याको प्रयास

**राजविराज**/जिल्लामा आत्महत्याको घटना वृद्धि भइरहेको बेला २४ घन्टाभित्र तीन किशोरी सहित चार जनाले विष सेवन गरी आत्महत्याको प्रयास गरेका छन्।

शनिवार मात्र एक युवा र एक युवतीले विष सेवन गरी आत्महत्याको प्रयास गरेका छन्। उनीहरुको स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ। अस्पतालको आकस्मिक कक्षका अहेब महानायराण यादव परसैलाका अनुसार विष सेवनबाट गम्भिर विरामी परेका राजविराज नगरपालिका १५ का २२ वर्षिया नितेश कुमार यादव र तिरहुत गाउँपालिका ५

*बाँकी अन्तिम पृष्ठमा*

**CTEVT बाट मान्यता प्राप्त**
**जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज**

संचालित कार्यक्रमहरु

डिप्लोमा तह
**H.A.** (सामान्य चिकित्सा)
अवधी : ३ वर्षे

**V-JTA** भेटनरी जे.टी.ए.
१८ महिने
**P-JTA** बाली विज्ञान
१८ महिने

भर्ना खूल्यो। भर्ना खूल्यो॥ भर्ना खुल्यो॥।

फारम भर्ने अन्तिम मिति : २०८०/७/२० गते सम्म
प्रवेश परिक्षा मिति : २०८०/७/२२ गते

सीमित सिट मात्र खाली रहेकोले
आजै सम्पर्क गर्नुहोस्
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८१७९६७२९७, ९८०४७१२७०५

## भगवती मन्दिर पुजा समितिको आयव्यय सार्वजनिक



**राजविराज**/राजविराजस्थित माँ चण्डी दुर्गा भगवती मन्दिरको पुजा समितिले आयव्यय सार्वजनिक गरेको छ।

पूजाका लागि निर्माण भएको उक्त समितिले शनिबार एक कार्यक्रमबीच पूजा अवधीमा भएको आम्दानी, खर्च र दाताहरुबाट प्राप्त जिन्सीहरु सार्वजनिक गरेको छ।

*बाँकी अन्तिम पृष्ठमा*

नागरिक बडापत्र पढौं, छिटो र छरितो सेवा प्राप्त गरौं।

- सर्वसाधारणलाई सेवा प्रदान गर्ने र जनसम्पर्क हुने कार्यालयमा नागरिक बडापत्र राखिएको हुन्छ।
- नागरिक बडापत्रमा कार्यालयले दिने सेवा र प्रकृति उल्लेख गरिएको हुन्छ।
- त्यस्तो सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि, लाग्ने समय, दस्तुर, सेवा दिने अधिकारीलगायत विविध विषय उल्लेख गरिएको हुन्छ।
- तोकिए बमोजिम सेवा प्राप्त नभएमा गुनासो सुन्ने अधिकारी एवं क्षतिपूर्ति सम्बन्धी व्यवस्थासमेत उल्लेख गरिएको हुन्छ।

त्यसैले,

सेवाग्राहीको सुविधाका लागि राखिएको नागरिक बडापत्र पढ्ने बानी बसालौं, छिटो छरितो सेवा प्राप्त गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

लक्षण
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय**
**कठौना, सप्तरी**

## सम्पादकीय

### क्रिकेटहरुको भविष्यको सुनिश्चितता गर

नेपाल अहिले खेलकुद अन्तरगत क्रिकेटमा निकै अगाडी बढीसकेको छ। सन् २०२४ मा अमेरिका र वेस्ट इन्डिजमा संयुक्त रुपमा आयोजना हुने आईसिसी पुरुष टी-२० विश्वकपका लागि नेपाल छनोट भएको छ। यसअघि नेपाल सन् २०१४ मा विश्वकपमा छनोट भएको थियो। लामो समयदेखी क्रिकेटमा नेपाली खेलाडीहरुले पुऱ्याएको योगदान र उनीहरुको प्रयासका कारण अहिले नेपाल विश्वमै क्रिकेटका लागि नयाँ पहिचान बनाउन सफल समेत भएको छ।

शुक्रबार संयुक्त अरब इमिरेट्स (युएई)लाई आठ विकेटले पराजित गर्दै नेपाल दोस्रो पटक विश्वकपमा छनोट भएको हो। यसरी नेपालले झण्डै दुई दशकदेखी गरेको परिश्रमको फल पाइरहेको छ। विगतमा मुलुकमा क्रिकेट राष्ट्र भित्र मात्र सीमित रहेको थियो। तर अहिले क्रिकेटका कारण नेपाल अन्तराष्ट्रियस्तरमा छुट्टै पहिचान बनाएको छ। क्रिकेटको क्रेज सबैभन्दा बढी भारतमा देखिएको छ। अहिले भारतमा जागिर भन्दा पनि बढी क्रिकेटमै भविष्य देख्ने युवाहरु निकै अगाडी छन्। उनीहरु आफ्नो न्युनतम शैक्षिक योग्यता हासिल गरेर क्रिकेटमै ध्यान दिने गरेको देखिन्छ। तर, नेपालमा त्यस्तो नदेखिए पनि वर्तमान अवस्थामा क्रिकेटको क्रेज यहाँ पनि देखिन थालिएको छ।

तर, सरकारले क्रिकेटका लागि खासै ध्यान दिएको देखिन्न। मुलुकभर क्रिकेटका लागि खेलमैदान नहुनु, खेलाडीलाई प्रोत्साहन नदिनु, खेलाडीको भविष्यको सुनिश्चितता नहुनु लगायतका कारणले यहाँ यो खेल जोखिममा छ। वर्तमान अवस्थामा सरकारको खासै योगदान नभएपनि खेलाडीहरुको एकल प्रयासले यो खेलले सफलता चुमिरहेको छ। तसर्थ क्रिकेटमा भविष्य खोज्ने यूवाहरुका लागि सरकारले गम्भिरता देखाएर उनीहरुको भविष्यको सुनिश्चितता देखाउनु अत्यन्त आवश्यक छ।

## श्रोत नखुलेको रकमसहित युवक पक्राउ





**राजविराज**/सप्तरीको विष्णुपुर गाउँपालिका सडक खण्डस्थित नहर चौकबाट प्रहरीले श्रोत नखुलेको १० लाख ९८ हजार रुपैया सहित एक युवकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा छिन्नमस्ता गाउँपालिका ३ का ३९ वर्षिय जयप्रकाश यादव रहेको प्रहरीले जनाएको छ। उनका साथबाट प्रहरीले श्रोत नखुलेको १० लाख ९८ हजार रुपैया सोमवार बरामद गरेको हो।

विशेष सुचनाका आधारमा खटेको प्रहरीले टोलीले मोटरसाइकल चेकजाचको क्रममा उक्त रकम बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यादवले प्रयोग गरेको मधेश प्रदेश २-०१-००१प.०७०८ नम्बरको मोटरसाईकलको सिटकभर भित्र लुकाईराखेको अवस्थामा उक्त रकम बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिए। उनलाई नियन्त्रणमा राखी थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ।

## कोशीका मुख्यमन्त्रि सर्वदलीय सरकारको पक्षमा

**विराटनगर**/कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की आफू सर्वदलीय सरकार गठनको पक्षमा रहेको बताएका छन्।

शनिबार आफ्नै निवासमा पत्रकार सम्मेलनको आयोजना गरि उनले वर्तमान सरकारलाई सर्वदलीय स्वरुप दिन नै नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी)का प्रदेशसभा सदस्यलाई मन्त्रिपरिषद्‌मा सामेल गराएको स्पष्ट पार्दै सरकारले चाँडै पूर्णता पाउने बताए।

कोशी प्रदेशको भौतिक विकासका निम्ति आफू लागिपरेको बताउँदै मुख्यमन्त्री कार्कीले सुशासन कायम गर्नु आफ्नो पहिलो प्राथमिकता भएको दाबी समेत गरे। उनले कृषिलाई निर्यातमुखी बनाउन ठोस योजनाका साथ अघि बढ्ने दृढता व्यक्त गरे।

कोशी प्रदेश सरकार जाजरकोट भूकम्पबाट पीडित भएकाहरूका साथमा रहेको बताउँदै ुख्यमन्त्री कार्कीले सहयोगस्वरुप तत्काल एक हजार थान कम्बल, एक हजार थान त्रिपाल र एक हजार वटा बिछ्यौना प्रदान गर्ने जानकारी दिए।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुँदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, कदमाहा, सप्तरी**



**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**सम्पर्क :**
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569



## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय**
**पातो, सप्तरी**

# संविधान कसको स्वार्थमा प्रयोग हुँदैछ ?

**श्याम घिमिरे**

सन् १९९९ मा पहिलो पटक निर्वाचन जितेर ह्युगो चाभेज दक्षिण अमेरिकी राष्ट्र भेनेजुयलाका राष्ट्रपति बनेका थिए । उनले सन् २००५ मा जनमत सङ्ग्रहमार्फत संविधान संशोधन गरी भेनेजुयलालाई समाजवादी मुलुक घोषणा गरे । उनले मुलुकका सबै आर्थिक क्षेत्रलाई राष्ट्रियकरण समेत गरेका थिए । उनले आर्थिक क्षेत्रलाई मात्र राष्ट्रियकरण गरेनन्, भेनेजुयलाको लोकतन्त्रलाई पनि 'समाजवादीकरण' गर्दै लोकतन्त्रलाई नै समाप्त पारे । मृत्युपछि पनि उनका उत्तराधिकारी निकोलस मदुरोले पनि ह्युगो चावेजको पथलाई पछ्याइरहेकै छन् । त्यसैको परिणाम आज भेनेजुयलावासीले भोग्दै छन् ।

यस संसारमा सन् १९१७ मा सबैभन्दा पहिला सोभियत रुसमा समाजवाद शब्दलाई राष्ट्रको मार्ग निर्देशक सिद्धान्त बनाएपछि एकै पटक दोस्रो विश्व युद्धको अन्त्य भएपछि मात्र समाजवाद शब्द फेरि एक चोटि विश्वमा गुन्जियो । पूर्वी युरोप, पूर्वी एसिया, केही दक्षिण अमेरेकी राष्ट्रलगायत विशाल चीनको समेत राज्यको मार्ग निर्देशक सिद्धान्त समाजवाद बन्यो । लोकतान्त्रिक मुलुकहरूले समेत आफूलाई प्रजातान्त्रिक समाजवादी भन्दै कतै न कतै समाजवादसँग जोड्ने कोसिस गरे ।

यसरी हेर्दा सन् १९४५ देखि (युगोस्लाभियाको पतनको सुरुवात भएसम्म) सन् १९८० सम्मका ३५ वर्ष समाजवादीहरूको स्तुति बोलेको समय थियो । त्यसै समयमा संसारका मानिसहरूले समाजवादीहरूको विद्रुप स्वरूप पनि देखे, नरसंहार पनि देखे । सन् १९८० मा युगोस्लाभिया टुक्रिने क्रम सुरु भएपछि समाजवादीहरूको यस संसारबाट पतन सुरु भयो । ८० को दशक समाजवादीहरूको लागि अन्त्यन्तै पीडादायक रह्यो । चीनमा दोङ स्याओ फिङले उदार अर्थनीति अपनाएपछि एवं ९० सम्म आइपुग्दा रसियन युनियन भत्किएपछि लगभग संसारबाट समाजवादीहरू बिदा भए ।

सन् १९९० मा नेपालमा लोकतन्त्रको पुनः स्थापना हुँदासम्म समाजवादीहरू संसारबाट बिदा भइसकेका थिए । रुस, चीन, भेनेजुयला जस्ता सम्पन्न मुलुकले समाजवादको छोटो अवधिमा भोगेको विद्रुप स्वरूप एवं दुष्परिणाम नेपाल जस्तो सनातनी गरिब मुलुकले कति दिन धान्न सक्छ हामी हेर्दै छौं, भोग्दै छौँ ।

लोकतन्त्र प्राप्तिपछिको गिरिजाप्रसाद कोइराला नेतृत्वको प्रथम सरकारले सुरुवात गरेको आर्थिक उदारीकरण, विश्व बजारीकरण जस्ता नीतिगत सुधारका कार्यक्रमहरूको स्वामित्व न स्वयं उनको पार्टीले लियो न मुलुकले । विस २०४८ सालको जननिर्वाचित सरकारले संसारको प्रवाहलाई महसुस गर्दै लिएको आर्थिक उदारीकरणको नीति अन्तर्गत केही उद्योगहरूलाई निजीकरण गर्ने, केही व्यावसायिक सरकारी संस्थानलाई लिक्युडेसनमा लैजाने, सार्वजनिक खर्च घटाउने एवं उद्योग व्यवसायको क्षेत्रमा निजी क्षेत्रलाई फराकिलो ढङ्गले प्रविष्ट गराउने कोसिस गरेको थियो । २०५१ सालको मध्यावधि निर्वाचनमा कांग्रेसले आफ्नो सिद्धान्तबाट समाजवाद शब्द हटायो । तर त्यसको पार्टीभित्रबाटै व्यापक विरोध भएपछि त्यसलाई पुनः स्थापित गरियो । हुँदा हुदा २०७२ सालसम्म आइपुग्दा यिनै सुधारका नेतृत्वकर्ता कोइरालाका उत्तराधिकारी सुशील कोइरालाको नेतृत्वमा बनेको संविधानले मुलुकलाई समाजवादी नै बनाइदियो । समाजवाद उन्मुख आजको नेपालको आर्थिक तस्बिर एक पटक हेरौं ।

५४ खर्बको जम्मा जीडीपी भएको मुलुकको वार्षिक बजेट साढे १७ खर्बको छ । यो भनेको जीडीपीको एक तिहाइ हिस्सा हो । त्यसै गरी साढे १२ खर्बको राजस्वको अनुमान ( जीडीपीको साढे २४ प्रतिशत हुन आउँछ) चालू आवको ३ महिनाको राजस्व असुली हेर्दा लक्ष्यको १५.९३ प्रतिशत मात्र उपलब्धि भएको देखिन्छ । यस हिसाबले राजस्वको असुली अनुमानको ७० प्रतिशत नाघ्ने देखिँदैन । वित्तीय व्यवस्थापनसमेत जोड्दा साढे १४ खर्बभन्दा बढीको चालू खर्चको अनुमान गरिएको बजेटमा यस हिसाबले झन्डै ५ खर्ब घाटा हुने देखिन्छ । यो घाटा पूर्ति गर्ने माध्यम ऋणबाहेक अर्को हुन सक्दैन । यसरी थपिँदै गएको ऋणको भारलाई मुलुकले बहन गर्न सक्छ कि सक्दैन ?

पुँजीगत खर्चका लागि छुट्याइको ३ खर्ब ३ अर्बमध्ये राष्ट्रिय गौरव भनिएका ठूला आयोजनामा ७० प्रतिशतभन्दा बढी खर्च विनियोजन गरिएको छ । यसको प्रगति अन्यन्तै न्यून छ । साना आयोजनाहरूमा विनियोजित रकम यति साना छन् कि न त्यसको टेन्डर हुन सक्छ न त्यो खर्च नै । यसरी हेर्दा यस वर्षको पुँजीगत खर्च आर्थिक व्यवस्थापनको अभाव र खर्च गर्ने परम्परागत शैलीका कारण गत वर्षको भन्दा घट्ने सम्भावना प्रबल छ, जसले बजारलाई अरू शिथिल बनाउन थप मद्दत पुऱ्याउने नै छ ।

२०२२ सालको राजा महेन्द्रको भूमि सुधारले ल्याएको जग्गा खण्डीकरणको अभियानको सीमालाई समाजवादी सरकारले अझ घटाएर निरन्तरता प्रदान गरेकै छ । जग्गा यति खण्डीकृत भइसकेको छ कि नेपालमा अब मासु र मासुजन्य पदार्थ, दुध र दुग्धजन्य पदार्थ एवं तरकारी र फलफूल जस्ता थौरै जमिनमा धैरै उत्पादन दिन सक्ने वस्तुबाहेक अन्य कुरामा आत्मनिर्भर हुन सक्ने अवस्था छैन ।

चीन र भारत जस्ता संसारकै ठूला औद्योगिक राष्ट्रहरूको बीचमा अवस्थित नेपाल जस्तो भूपरिवेष्टित राष्ट्रमा औद्योगिक विकासको सम्भावना कति होला ? कृषि उत्पादन र नेपालकै प्राकृतिक कच्चा पदार्थमा आधारित औद्योगिक उत्पादनबाहेक अन्य उद्योगको सम्भावना भनेको पाम आयल उद्योग जस्तो ठूलो ड्रममा ल्याउने सानो ड्रममा खन्याएर बेच्ने हो । अलि बढी मूल्यवृद्धि गर्न सकिने केही औद्योगिक उत्पादन भए केही फाइदाजनक हुन सक्छ ।

नेपालको सबैभन्दा ठूलो आर्थिक सम्भावना भनेको पर्यटन, आईटी र शिक्षा जस्तो सेवा क्षेत्र नै हो । भारतसँग राम्रो सम्बन्ध बनाउन सके विद्युत् व्यापारको सम्भावना पनि ठूलो छ । संसारका विकसित मुलुकहरूको अर्थतन्त्रलाई हेर्ने हो भने पनि अमेरिकामा ७७ प्रतिशत, अस्ट्रेलियामा ६७ प्रतिशत, युरोपमा ७० प्रतिशत चीन र भारतमा पनि जीडीपीको ५३ र ५४ प्रतिशत हिस्सा सेवा क्षेत्रले व्यहोरेको छ ।

आज नै करिब ६५ प्रतिशत जीडीपीको हिस्सा सेवा क्षेत्रले बोकेको अवस्थामा नेपालले यसलाई ८० प्रतिशतभन्दा माथि पुऱ्याउन सक्छ । तर नेपालको समाजवादी संविधानले सेवा क्षेत्रका सबै सम्भावनामा डर, त्रास, ढुलमुले नीति र निषेधको नीति अवलम्बन गर्दै आएको छ । जस्तो नेपालमा सरकारले मनसाय पत्र दिएर सम्बन्धन स्वीकृति नदिएका प्रस्तावित मेडिकल कलेजको सङ्ख्या १४, इन्जिनियरिङको ४५, स्वास्थ्य शिक्षातर्फ ५०, कृषि, वन र भेटेरिनरीतर्फ ७० वटा कलेज छन् । ६७ वटा चलिरहेको नर्सिङ कलेज ३ वर्षदेखि बन्द गरिएका छन् । यसबाट राज्यले रोजगारीको अवसर, राजस्व र सेवा क्षेत्रमा कति नोक्सान व्यहोरेको छ, यसको चिन्ता कसले गर्ने ? भएका निजी विद्यालय बन्द गर्ने जस्ता बहसहरू सरकारी स्तरबाटै चलाएर थप लगानीलाई निरुत्साहित गर्ने व्यवसायीमा आतङ्क सिर्जना गर्ने काम गरिन्छ । नेपालमा निजी क्षेत्रको विद्यालय शिक्षा मात्र राम्रो बनाउन सके पनि बिहार, यूपी, बङ्गाल, झारखण्डका समेत विद्यार्थीहरू नेपाल आएर पढ्ने, दार्जलिङ, खर्साङ, सिक्किम एवं देहरादुन जस्तो शैक्षिक हब बन्न सक्ने थियो । तर भएकै विद्यालयहरूलाई बन्द गरेर नेपाली विद्यार्थीहरू समेत

*बाँकी चार पृष्ठमा*


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था** :

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : छिन्नमस्ता गाउँपालिका, सप्तरी**

# दिगो विकास लक्ष्य २०३० र मातृशिशु सुरक्षा सञ्जालको सान्दर्भिकता

**सूर्य भट्ट**

नेपालको संविधान २०७२ ले स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ। त्यसैगरी महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य एवं बालबालिकालाई शिक्षा, स्वास्थ्य, पालनपोषण र उचित स्याहार सम्बन्धी हकको सुनिश्चितता गरेको छ। विगत दुई दशकमा नेपालले महिला तथा बालबालिकाको स्वास्थ्य सुधारमा उल्लेखनीय प्रगति हासिल गरे पनि अझै धेरै आमा तथा नवशिशुले अकालमा ज्यान गुमाइरहनु परेको छ।

नेपालमा नवशिशु मृत्युदर प्रति १००० जीवित जन्ममा २१ (नेपाल जनसांख्यिक सर्वेक्षण २०२२) र मातृ मृत्युदर प्रति १,००,००० जीवित जन्ममा १५१ रहेको छ (राष्ट्रिय जनगणना २०२१)। विगतमा मातृस्वास्थ्य सुधारमा देखाइएको प्रतिबद्धता र प्रगतिको आधारमा नेपालले सहश्राब्दी विकास लक्ष्य पदक प्राप्त गरेको थियो।

संविधानले प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी मौलिक हकको उपयोग तथा विश्व मञ्चमा दिगो विकास लक्ष्य २०३० प्राप्त गर्न गरेको प्रतिबद्धता हासिल गर्न संघ, प्रदेश र स्थानीय तहले सहकार्य र समन्वयात्मक तवरले कार्य गर्नुपर्ने देखिन्छ। तथापि, मौजुदा संरचना र स्रोतका हिसाबले महत्वाकांक्षी लक्ष्यका रुपमा रहेको दिगो विकास लक्ष्य २०३० लाईबरभेट्टाउन स्वास्थ्य सम्बन्धी नीति, रणनीति र कार्ययोजनाले स्पष्ट मार्गनिर्देश गरे पनि कार्यान्वयन तहमा उल्झनहरु देखिएका छन्।

दिगो विकास लक्ष्य २०३० अनुसार नवशिशु मृत्युदरलाई घटाएर प्रति १००० जीवित जन्ममा १२ र मातृ मत्युदरलाई घटाएर प्रति १,००,००० जीवित जन्ममा ७० मृत्युमा पुऱ्याउनु पर्छ। सन् १९९६ देखि २०१६ सम्मको तथ्यांक विश्लेषण गर्दा पाँच वर्ष मुनिका बालबालिकाको बाल मृत्युदर न्यूनीकरण गर्न सफल सात देशमध्ये नेपाल पनि एक रहे पनि दिगो विकास लक्ष्य २०३० का पदचाप पहिल्याउन नेपालका सामु अझै कैयौं चुनौती बाँकी छन्।

यी चुनौतीको सामना गर्दै दिगो विकासका लक्ष्यहरु हासिल गर्न वान हार्ट वर्ल्डवाइडले आफ्नो स्थापना कालदेखि नै नेपालमा विद्यमान तीनै तहका सरकारसँग समन्वय र सहकार्य गर्दै नेपालको दिगो लक्ष्य हासिल गर्ने प्रयासमा सहयोग गर्दै आएको छ। मातृ तथा शिशु स्वास्थ्यका विविध क्षेत्रमा रहेका असमानता एवं तुलनात्मक न्यून प्रगतिहरुलाई सम्बोधन गर्न मातृशिशु सुरक्षा सञ्जालको अवधारणा महत्वपूर्ण हुने देखिन्छ।

मातृशिशु सुरक्षा सञ्जाल आमा र बच्चाको स्वास्थ्यलाई सम्बोधन गर्ने महत्वपूर्ण रणनीति हो। मातृशिशु सुरक्षा सञ्जालले आमा तथा नवशिशुको जीवन सुरक्षा तथा समग्र जीवनको गुणस्तरीयता सुनिश्चित गर्न आमा र नवशिशुको स्वास्थ्य तथा उनीहरुलाई आवश्यक सेवा प्रवाहमा संलग्न हुनसक्ने सम्पूर्ण पक्षहरु जस्तै: परिवार, समुदाय, समुदाय स्वास्थ्य कार्यकर्ता, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, औषधि उपकरण, आपूर्ति व्यवस्था, प्रेषण प्रणाली र विभिन्न तहका सरकार तथा सरोकारवाला लक्षित कार्यक्रमहरु समेट्छ। विभिन्न कारणवश मातृशिशु स्वास्थ्यमा पहुँच नभएका वा सेवामा पहुँच भए पनि गुणस्तरीय सेवा नपाएका आमा तथा नवशिशुहरुलाई प्राथमिकतामा राखेर उनीहरुकै संलग्नतामा यस रणनीतिले काम गर्छ।

मातृशिशु सुरक्षा सञ्जाल वान हार्ट वर्ल्डवाइडको विगत २५ वर्षको विभिन्न देशको मातृशिशु स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रमको सिकाइबाट परिष्कृत भइरहेको छ। नेपालमा सन् २०११ देखि वान हार्ट वर्ल्डवाइडले समाज कल्याण परिषद्को स्वीकृति तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा हालसम्म २८ जिल्लामा यस रणनीतिमार्फत मातृशिशु स्वास्थ्य सेवा प्रणाली सुदृढीकरणमा सहयोग गर्दै आइरहेको छ।

नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने मुख्य जिम्मेवारी दिएको छ। आधारभूत मातृशिशु स्वास्थ्य सेवा समुदायस्तरमै प्रदान गर्न सकिएमा आमा र बच्चाका स्वास्थ्य समस्याहरुको समयमै सही पहिचान, प्रेषण र उपचार हुनसक्छ र स्वास्थ्य जटिलताहरुलाई न्यूनीकरण गर्न सकिन्छ।

मातृशिशु स्वास्थ्य सेवा आधारभूत स्वास्थ्य सेवाको अति महत्वपूर्ण पक्ष भएको कारण स्थानीय सरकारसँग सहकार्य गर्दा आमा र नवशिशुको जीवन सुरक्षा तथा सेवाको गुणस्तर सुधारमा गुणात्मक प्रगति गर्न सकिने हाम्रो सिकाइ रहेको छ। स्थानीय सरकारसँग आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक स्रोत तथा साधन परिचालन गर्ने अधिकार रहेको अवस्थामा आधारभूत स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापनमा स्थानीय सरकारको दक्षता अभिवृद्धि गर्दा समग्रमा देशले मातृ तथा नवशिशुसँग सम्बन्धित दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुग्ने देखिन्छ।

विशेषगरी मातृशिशु स्वास्थ्य सूचकहरु कमजोर रहेका तथा भौगोलिक रुपमा विकट स्थानीय तहहरुलाई प्राथमिकतामा राखी त्यहाँ रहेका स्वास्थ्य संस्थाहरुको सबलीकरण, स्वास्थ्यकर्मीहरुको प्राविधिक ज्ञान तथा सिपको अद्यावधीकरण, औषधि तथा चिकित्सकीय औजार-उपकरणको उपलब्धता एवं ती स्वास्थ्य संस्थाहरुलाई विशिष्टीकृत स्वास्थ्य संस्थाहरुसँग सम्बन्ध स्थापना गरी प्रेषण प्रणालीलाई सबलीकरण गर्न मातृशिशु सुरक्षा सञ्जाल प्रभावकारी रहेको छ।

गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको तयारी, स्वास्थ्यकर्मीको ज्ञान, सिप र उत्प्रेरणाका अतिरिक्त सेवा प्रवाहको लागि आवश्यक वातावरणको व्यवस्थापनमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र स्थानीय सरकारको महत्वपूर्ण भूमिका हुने हुँदा स्वास्थ्य सेवा प्रवाहमा यी सरोकारवालाहरुलाई संलग्न तथा जवाफदेही बनाउनु आवश्यक रहन्छ।

अझै पनि धेरै गर्भवती तथा सुत्केरी महिलाले स्वास्थ्य सेवा उपयोग गर्न परिवार वा समाजमा व्याप्त विभिन्न अवरोधहरु छिचोल्नु पर्ने अवस्था छ। यस्तो परिस्थितिमा मातृशिशु स्वास्थ्य सुधारको लागि परिवार र समाजलाई यसको आवश्यकता बुझाई गर्भवती र सुत्केरी महिला तथा नवशिशुले समयमा नै उपयुक्त स्वास्थ्य सेवा पाउने वातावरण सिर्जना गर्न पनि यो रणनीति प्रभावकारी हुन्छ।

स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाले उपलब्ध गराउने स्वास्थ्य सेवाप्रति सेवाग्राहीको विश्वासको वातावरण सिर्जना गर्न पनि यस रणनीतिले प्रभावकारी भूमिका खेलेको छ। जसले गर्दा आवश्यक स्वास्थ्य सेवा सुलभ र सहज तरिकाले उपयोग गर्ने अवस्था सिर्जना हुने तथा स्थानीय स्वास्थ्य संस्थाहरुको समुचित उपयोग हुने हुन्छ।

यसरी हेर्दा मातृशिशु सुरक्षा सञ्जालले मातृशिशु स्वास्थ्य सेवाको पहुँच, गुणस्तर तथा सेवाको निरन्तरतामा अभिवृद्धि भई आमा र बच्चाको जीवन सुरक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर सुधारमा सकारात्मक परिवर्तन गर्ने देखिन्छ।

स्वास्थ्य खबरबाट

---

## *संविधान कसको ...*

भारत पठाउने षडयन्त्र समाजवादका नाममा कसको स्वार्थमा हुँदैछ ?

पर्यटनको क्षेत्रमा सरकारले न पर्याप्त पूर्वाधारको विकास गरेको छ, न भएका पूर्वाधार भन्न लायकका छन्। जे जति पर्यटनको क्षेत्रमा विकास भएको छ निजी क्षेत्रको आफ्नो पहल र प्रयासमा भएको छ। रेमिटेन्स पछि दोस्रो परिवर्त्य मुद्राको स्रोत, रोजगारीको स्रोत एवं राजस्वको समेत ठूलो सम्भावना बोकेको पर्यटनको क्षेत्रमा सरकारको कुनै लगानी एवं नीतिगत प्रयास देखिँदैन। पर्यटनलाई साँच्चै देशको आर्थिक मेरुदण्ड मान्ने हो भने पर्याप्त एवं आधुनिक पूर्वाधारको निर्माण, पर्यटनको क्षेत्रमा निजी क्षेत्रलाई पूर्ण सहुलियत, मनोरञ्जनका निमित्त गाँजा एवं यौन बजारको कानुनी मान्यता अनिवार्य छ।

नेपालमा केही विशेष सुविधा दिने हो भने आईटीको सम्भावना पनि ठूलो छ। सस्तो श्रम रहेको हाम्रो जस्तो देशमा अन्तर्राष्ट्रिय बजारमा सामान्य पहुँच स्थापित गर्न सक्दा पनि यसले हामीलाई ठूलो मात्रामा रोजगारी एवं राजस्व दिन सक्छ।

विद्युत् व्यापारको सम्भावनाका विषयमा जति कुरा गरे पनि भारतले नकिनीकन वा भारतले बाटो नदिईकन यसको सम्भावना नै छैन। त्यसैले भारतसँग सधैं राम्रो सम्बन्ध बनाइराख्न सके मात्र यसको सम्भावना छ। चिनी र उखुको दरमा भएको सिन्डिकेटले सबै चिनी उद्योग बन्द भएका छन्। साल्टट्रेडिङ, खाद्य संस्थान, साझा यातायात, आयल निगम, जनक शिक्षा सामग्री केन्द्र, साझा प्रकाशन र विद्युत् प्राविधिकरणको एकाधिकार हुँदा हुँदा मरिसकेको पूर्वाधार कम्पनी जस्ता सरकारी व्यावसायिक कम्पनीहरू खडा गरेर स्वतन्त्र व्यवसायलाई निरुत्साहित गर्ने काम गरिएको छ। आयल निगमको एकाधिकारले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको गरेकै छ। निजी क्षेत्रले प्रतिमेघावाट १६ करोडमा उत्पादन गरेको विद्युत् प्राधिकरणले ३६ करोडमा उत्पादन गरिरहेको महालेखा परीक्षकको प्रतिवेदनले प्रस्तुत गरेको छ। विद्युत् व्यापारको एकाधिकारले उपभोक्तालाई र राष्ट्रलाई परेको मार अर्कै पाटो छ।

बढ्दो ग्राहकको सङ्ख्या र घट्दो नाफा एवं राजस्वले दूरसञ्चार प्राधिकरण केही समयमै घाटामा जाने निश्चित भइसकेको अवस्थामा सीजी जस्ता नयाँ दूरसञ्चारका कम्पनीहरूलाई किन निषेध गरिएको छ, बुझ्न नसकिने कुरा छ। प्राकृतिक स्रोतको उचित दोहन नगरी मुलुकको विकास सम्भव छैन भन्ने जान्दा जान्दै गिटी बालुवाको अपार स्रोत भएको यस मुलुकमा यसलाई तस्करीको साधन बनाइँदै छ।

कानुन र नियमावलीका अभावमा कैयौं व्यावसायीक क्षेत्रहरू प्रतिबन्धित जस्तै बनेका छन्। स्रोतको वृद्धितर्फ नलाग्ने सस्तो लोकप्रियताका लागि साधारण खर्च बढाएको बढाई गर्ने यो प्रवृत्तिले हामीलाई फेलियर स्टेटतर्फ लग्दै छ।

बर्सेनि शिक्षा र कामको खोजीमा देश बाहिरिरहेका युवा जनशक्तिले हामीलाई निरासा, फ्रस्ट्रेस्नको भुमरीतर्फ यसरी धकेल्दै छ कि मानौं हामी बारुदको थुप्रोमाथि बसेका छौं, जो कुनै पनि बेला विस्फोट हुन सक्छ।

यो देशलाई साँच्चै जोगाउने हो भने आर्थिक विकासका लागि सम्भाव्य सबै ढोकाहरू खुला गर्दै निजी क्षेत्र प्रवेश गर्न नचाहने स्थानमा मात्र सरकारी क्षेत्र प्रवेश गर्ने स्वर्णिम व्यावसायिक युगको आरम्भ गर्ने, कुशासन र भ्रष्टचारलाई समूल रूपमा समाप्त पार्दै चालु खर्चलाई निर्ममतापूर्वक कटौती गरेर १० खर्बको हाराहारीमा र पुँजीगत खर्च ५ खर्बको हाराहारीमा परिचालन गर्न सके मात्र यो देशले जनतामा पुनः विश्वास जागृत गर्न सक्छ। घिमिरे नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा प्रतिनिधि सभाका सांसद हुन्। रातोपाटीबाट

---

## साइबर क्राइम

**पृष्ठभूमी**

वर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, केडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपि अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसुरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर, सप्तरी**

# निःशुल्क मुटु रोग स्वास्थ्य शिविरबाट १ हजार १ सय भन्दा बाढी विरामीहरुले उपचार पाए

**राजविराज**/राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा संचालित चार दिने निःशुल्क मुटु रोग स्वास्थ्य शिविरबाट १ हजार १ सय भन्दा बाढी विरामीहरुले उपचार पाएका छन् ।

जयन्ती स्मृति प्रतिष्ठानको आयोजना, मनमोहन कार्डियो थेरापिक मस्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरको प्राविधिक सहयोग एवं गजेन्द्र नारायण सिह अस्पतालको समन्वयमा संचालित चार दिने शिविरमा १ हजार १ सय ८६ जना विरामीले निःशुल्क सेवा उपचार पाएका हुन् ।



मुटु रोग लागेर आर्थिक अभावका कारण उपचार गर्न न सकेका गरिब, विपन्न परिवारहरुका लागी लक्षित गरी आईतवार देखि चलाइएको शिविरको अन्तिम दिन बुधबारसम्म त्यसमात्रामा विरामीहरुले निःशुल्क चेकचाँच सेवा तथा औषधी पाएको प्रतिष्ठानकी प्रबन्धक निर्देशक श्रीमती आयुषा कटुवालले जानकारी दिइन ।

शिविरमा बरिष्ट मुटु रोग विशेषज्ञ डा.अनिल भट्टराई, डा.रविन कुमार बराल, डा.सोभित थापा, डा.दिनेश उप्रेती, डा.क्षितिज राज पुडासैनी, डा.रामहरी केसी, डा.प्रभा मोक्तान, डा.स्वस्तिका हुमागाई सहितको १६ सदस्यीय टोलीले स्वास्थ्य सेवा प्रदान गरेको प्रतिष्ठानका प्रतिनिधी दिपक थापाले बताए । स्वास्थ्य सुचाङ्कमा सप्तरी निकै पछाडी रहेको तथा गरिब र विपन्नताका कारण स्वास्थ्य सेवा नपाई समस्यामा रहेकाहरुलाई लक्षित गरी शिविर आयोजना गरीएको प्रतिष्ठानले जनाएको छ ।


## जनहीतका लागि जारि सन्देश

# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्वन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्दि गर्ने ।

अनुरोधकर्ता : **अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**



# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगम्रत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**


## अन्तर्राष्ट्रिय समाचार

# भारतीय प्रधानमन्त्री मोदीद्वारा गहिरो दुःख व्यक्त, सम्भावित सबै सहयोगको प्रतिबद्धता

**नयाँदिल्ली**/भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालमा गएको भूकम्पबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै यस विपत्को घडीमा नेपाललाई सम्भावित सबै सहयोग गर्ने प्रतिवद्धता जनाउनुभएको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जाल एक्स (ट्वीटर) मा लेख्नुभएको छ, “नेपालमा गएको भूकम्पका कारण भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दछु । भारत नेपाली जनताप्रति ऐक्यवद्धताका साथ उभिएको छ र हरसम्भव सहयोग गर्न तयार छ ।”

उहाँले भन्नुभएको छ, “शोक सन्तप्त परिवारजनप्रति हाम्रो समवेदना छ र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।”

नेपालमा गएको ६.४ म्याग्नीच्युडको शक्तिशाली भूकम्पमा परी १३२ जनाको मृत्यु हुनुका साथै १४१ जना घाइते भएपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको यो भनाइ आएको हो ।

यसैबीच, प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ भूकम्प प्रभावित क्षेत्रमा गई क्षतिग्रस्त क्षेत्रको अवलोकन गर्दै भूकम्पका घाइते, घाइते तथा मृतकका आफन्तलाई सरकारको तर्फबाट सम्भावित सबै सहयोग पुऱ्याउने प्रतिवद्धता व्यक्त गर्नुभएको छ ।

शनिबार बिहान प्राप्त विवरणअनुसार जाजरकोट र पश्चिम रूकुममा सबैभन्दा बढी क्षति भएको छ । एजेन्सी

# एम्बुलेन्समा भएको आक्रमणबाट आफू स्तब्ध भएको डब्लुएचओ प्रमुखको भनाइ

**तेल अभिभ**/गाजाको सबैभन्दा ठूलो अस्पताल नजिकै एउटा एम्बुलेन्समा इजरायलले गरेको घातक आक्रमणका कारण आफू स्तब्ध भएको विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस अधानोम गेब्रेयेससले बताउनुभएको छ ।

गाजा शहरको अल-शिफा अस्पतालबाहिर क्षतिग्रस्त एम्बुलेन्सको छेउमा आफुले थुप्रै शव देखेको एएफपीका एक पत्रकारले बताए । प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयले उक्त घटनामा १३ जनाको मृत्यु भएको जनाएको छ ।

हमासको प्रभावमा रहेको प्यालेष्टिनी सरकारले पनि इजरायली सेनाले गाजा शहरबाट इजिप्टसँग जोडिएको राफा सीमा नाकातर्फ घाइतेहरूलाई ओसारपसार गरिरहेको एम्बुलेन्समाथि पनि आक्रमण गरेको बताएको छ ।

इजरायली सेनाले युद्ध क्षेत्रमा हमासको लडाकू समूहले प्रयोग गरेको भनी सेनाले पहिचान गरेको एम्बुलेन्समा हवाई आक्रमण गरेको जनाएको छ ।

इजिप्टको स्वास्थ्य मन्त्रालयले अल-शिफामा भएको ‘घटना’ मा घाइते बनेका २८ प्यालेस्टिनीलाई शुक्रबार इजिप्टका अस्पतालमा उपचारका लागि लगिएको जनाएको छ ।

गत अक्टोबर ७ मा हमासले इजरायली क्षेत्रमा गरेको रक्तपातपूर्ण आक्रमणमा परी एक हजार ४०० भन्दा बढी व्यक्तिको मृत्यु भएको इजरायली अधिकारीहरूले बताएका छन् भने हमास शासित गाजा क्षेत्रको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली कारबाहीमा नौ हजार २२७ जनाभन्दा बढीको मृत्यु भएको छ । एजेन्सी

# औषधि कारखानामा आगलागी हुँदा सातजनाको मृत्यु

**नयाँदिल्ली**/भारतको पश्चिमी राज्य महाराष्ट्रको एक औषधि कारखानामा भएको भीषण आगलागीमा परी कम्तीमा सात जनाको मृत्यु हुनुका साथै अन्य सात जना घाइते भएका अधिकारीहरूले शनिबार जानकारी दिएका छन् ।

आगलागीमा परी कैयौं व्यक्ति हराइरहेको बताइएको छ । महाराष्ट्रको राजधानी मुम्बईबाट करिब १७७ किलोमिटर दक्षिणमा पर्ने रायगढ जिल्लामा रहेको महाराष्ट्र औद्योगिक विकास निगम (एमआईडीसी) महाडमा रहेको ब्लु जेट हेल्थकेयर कारखानामा शुक्रबार विस्फोट भएपछि आगलागी भएको थियो ।

यस घटनापछि अधिकारीहरूले अग्नि नियन्त्रक विभागका अधिकारीहरू र राष्ट्रिय प्रकोप प्रतिक्रिया बल (एनडीआरएफ) का कर्मचारीहरूलाई उद्धार कार्यका लागि घटनास्थलमा पठाएका थिए ।

“शनिबार बिहानसम्म सात जनाको शव निकालिएको छ”, एक अधिकारीले भने, “घाइते भएका सात जनालाई अस्पताल भर्ना गरिएको छ । यसबाहेक बेपत्ताको खोजी कार्य जारी छ ।”

अनुसार विस्फोटको समयमा औषधि कारखानामा करिब दुई दर्जन मानिस उपस्थित थिए । घटनाको सम्बन्धमा अनुसन्धान शुरू भइसकेको प्रहरीले जनाएको छ । एजेन्सी

# नेपाल बडही समाजको पाँचो राष्ट्रिय महाधिवेशन शुरु




**राजविराज**/नेपाल बडही समाजको पाँचौ राष्ट्रिय महाधिवेशन शनिवारदेखि राजविराजमा शुरु भएको छ। दुई दिनसम्म चल्ने अधिवेशनले नयाँ नेतृत्वको चयन समेत गर्ने छन्।

महाधिवेशनको उद्घाटन गर्दै प्रमुख अतिथि समाजसेवी सुरेन्द्र शर्माले बडही समुदायको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक पक्ष सबल बनाई सशक्तिकरणमा सक्रिय हुन सबैलाई आग्रह गरे। कानून व्यावसायी रामलाल सुतिहारले राजनीतिक दलहरु चुनावका बेला मात्र आफूहरुलाई सम्झिने त्यसपछि बिर्सिने गरेको गुनासो पोखे।

बडही समाज सप्तरीका अध्यक्ष धनराज शर्माले बडही समाजको उत्थान र स्वरोजगारको लागि सरकारले कुनै ठोस कार्यक्रम ल्याउन नसकेको गुनासो गरे। नेपाल बडही समाजका केन्द्रीय अध्यक्ष योगेन्द्र शर्माले बडही समुदायको उत्थान र विकासकालागि कार्यक्रम ल्याउन सरकारलाई निरन्तर दवावको आवश्यकता औंल्याउँदै सबै संगठित भएर अघि बढ्दा मात्र सफलता मिल्ने बताए।

उद्घाटन समारोहमा पत्रकार एवम् प्रेस स्वतन्त्रता सेनानी बैजनाथ झा, समाजकी केन्द्रीय सल्लाहकार मिना ठाकुर, दिपक शर्मा लगायतले पनि आ-आफ्नो धारणा राखेका थिए। संजय शर्माद्वारा संचालित उद्घाटन समारोह कार्यक्रममा समाजको शाखा कार्यालय भवनका लागि ५ कट्ठा बहुमूल्य जग्गा निःशुल्क उपलब्ध गराउने समाजसेवी लड्वती शर्मा तथा संस्थाको गतिविधि संचालनका लागि सहयोग गर्ने अन्य २४ गरी २५ जनालाई दोसल्ला तथा कदर पत्रबाट सम्मान गरिएको छ।

महाधिवेशनको आइतवार हुने बन्द सत्रले आगामी कार्यकालका लागि नयाँ नेतृत्वको चयन गर्ने कार्यक्रम तय रहेको समाजले जनाएको छ।

### *भगवती मन्दिर ...*

समितिका संयोजक रामानन्द देवले चन्दाबाट प्राप्त रकम, बलि प्रदानबाट प्राप्त रकम, दान पेटिकाबाट संकलित रकम, पुजाको समयमा मेलाका पसलहरुबाट संकलित रकम र विभिन्न दाताहरुबाट प्राप्त जिन्सी सामानहरुको विवरण प्रस्तुत गरे।

उनले चन्दा वापत ८८ हजार ५ सय २१, बलि प्रदानबाट १४ हजार ८ सय ५५, मेलाबाट १७ हजार ८ सय ९५, दान पेटिकाबाट १९ हजार ९ सय ६७ गरि कुल १ लाख ४१ हजार २ सय ३८ आम्दानी भएको जानकारी दिए।

संयोजक देवले आम्दानीबाट खर्च कट्टा गरि बचत भएको २२ हजार ८ सय ३८ रकम मन्दिरका पुजारी दुर्गानन्द मिश्रलाई प्रदान गरे। उक्त रकम मूर्ती निर्माणका क्रममा भएको खर्चमा सहयोग गरिएको जनाइएको छ।

राजविराज वडा नं. ७ का अध्यक्ष शुभाषचन्द्र यादवको अध्यक्षता तथा नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देवको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा पूजा समितिका सदस्य, संचारकर्मी लगायतको उपस्थिति रहेको थियो।

सोही क्रममा पूजा समितिका संयोजक देवले वडा अध्यक्ष यादवलाई पूजा समितिको सम्पूर्ण हरहिसाबसहितको कागजात हस्तान्तरण गरे।

यस्तै कागजात हस्तान्तरण पश्चात् सम्पूर्ण उपस्थित अतिथिहरुले मन्दिर परिसरमा विभिन्न प्रकारका फुल रोपेका थिए।

### *२४ घण्टामा चार...*

की १९ वर्षिया सन्जु कुमारी मंडल शनिवार उपचारका लागि भर्ना भएका छन्। शुक्रवार राती पनि विष सेवनबाट गम्भिर बिरामी परेकी राजगढ गाउँपालिका २ का १७ वर्षिया अर्चना कुमरी यादव र महादेवा गाउँपालिका १ का २२ वर्षिया विना कुमारी दास अस्पताल भर्ना भएकी थिइन।

चारै जनाको विशेषज्ञ चिकित्सकको रेखदेखमा उपचार भईरहेको अस्पतालले जनाएको छ। चार दिनअघि पनि एकै दिन विष सेवनबाट अशक्त भएका दुई युवा र दुई युवती उपचारका गरी स्थानीय छिन्नमस्ता अस्पतालमा भर्ना भएका थिए। उनीहरु उपचारपछि घर फर्किसकेको सो अस्पतालका स्वास्थ्य संयोजक दीपेन्द्र यादवले बताए।

परिवारिक कलह, घरेलु हिंसा, प्रेममा धोका, बेरोजगारी, गरिबी र मानसिक तनाव लगायत कारणले आत्महत्या र आत्महत्याको प्रयास गर्नेको संख्या बर्सेनी बढ्दै गएको प्रहरीको भनाई छ। आत्महत्याका पछाडि पारिवारिक र प्रेम मुख्य कारणका रुपमा देखिएपनि वैदेशिक रोजगार, आर्थिक विपन्नता, बेरोजगारी, असफलता र तनाव लगायतका कारण पनि देखिएको मनोचिकित्सकसहरु बताउँछन्।

# युवकको हत्या गरेको आरोपमा चार जना कारागार चलान

**राजविराज**/सप्तरी जिल्ला अदालतले प्रेम प्रसँगको विषयलाई लिएर हत्या गरेको आरोपमा पक्राउ परेका चार जनालाई पूर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको छ।

सप्तरीको खडक नगरपालिका ११ बनौलीका १८ वर्षिय अजिमुद्धिनको हत्यामा संलग्न सोही वडाकी ३० वर्षिया विणा देवी यादव, ३४ वर्षिय राम प्रकाश यादव, ३६ वर्षिय डम्बर नारायण साह र ४० वर्षिय छोटे लाल भन्ने धर्म देव साहलाई पुर्पक्षका लागि कारागार चलान गरिएको हो।

न्यायाधिश हरिशचन्द्र इङ्नामको इजलाशले उनीहरु विरुद्ध परेको मुद्दामा थुनछेक बहस पछि पुर्पक्षका लागी थुनामा पठाउने आदेश जारी गरेको हो।

घटना विवरण अनुसार मेला हेर्न भनी गत भदौ २१ गते घरबाट निस्केका सोही वडा निवासी १८ वर्षिय अजिमुद्धिन बेपत्ता थिए। परिवार तथा प्रहरीले खोजी कार्य तिव्र बनाएका बेला बेपत्ता भएको २१ दिन पछि १२ असोजमा हत्या गरी बोरामा राखेर फालेको अवस्थामा उनको सडेगलेको शव स्थानीय राम प्रसाद यादवले संचालन गर्दै आएको कृषि फर्मको पोखरीबाट प्रहरीले फेला पारेको थियो।

अनुसन्धानका क्रममा एक बालिका संग भएको प्रेम सम्बन्ध कै कारण अजिमुद्धिनको हत्या भएको तथा सो घटनामा ती चार जनाको संलग्नता रहेको खुलासा भएको थियो।

कारागार चलान हुने मध्ये एक जना मृतकको प्रेस सम्बन्धमा रहेकी बालिकाकी आमा र अर्को काका रहेको प्रहरीको भनाई छ। स्थानीय हिरा फेकनी माध्यमिक विद्यालय बनौलीबाट यसै वर्ष एसइइ परिक्षा दिएका अजिमुद्धिनको सोही विद्यालयमा कक्षा ८ मा पढने एक बालिका संग गहिरो प्रेम परेको र सोही प्रेम उनको हत्याको कारण बनेको प्रहरी अनुसन्धानमा खुलेको छ।


**मंगलमय शुभकामना**

२०८० सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

शुभ दीपावली





**भुपेन्द्र प्रसाद यादव**
अध्यक्ष, तथा
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
संचालक समिति परिवार
राजविराज ८, सप्तरी

**बालबालिकाको खानपानः अभिभावकले दिनु पर्छ ध्यान**

- बालबालिकालाई उमेर अनुसार पौष्टिक खाना खुवाऔं,
- आवश्यकता अनुसारको खाना खाएपछि थप खानाका लागि करबल नगरौं,
- प्राकृतिक स्वाद जस्तैः घ्यू, मह, दूध तथा स्थानीय खानाहरुको स्वाद भएको खानेकुरा खुवाऔं,
- पत्रुखाना (जंकफूड) को प्रयोग नगरौं,
- बालबालिकालाई अभिभावकसँगै राखेर खाना खुवाऔं,
- बालबालिकाको दैनिक खाना खाने समय निर्धारण गरी सोही समयमा खाना खुवाउने गरौं,
- परिवारका सदस्य एवं बालबालिकाले खाना खाने समयमा मोबाईल तथा टि.भी.को प्रयोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*